धुनिवेशी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय

जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं.:- ०८३/०८४ मिति:-२०८३/०७/०९
च.नं.:

उपभोक्ता समिति दर्ता सम्बन्धी सूचना !

प्रस्तुत विषयमा नेपाल सरकारको सार्वजनिक खरिद नियमावली, २०६४ को १६ औं संशोधनले प्रचलित कानुन बमोजिम दर्ता भएको उपभोक्ता समितिबाट मात्र योजनाको काम गराउनु पर्ने व्यवस्था बमोजिम योजना संचालनका निम्ति गठन गरिएका उपभोक्ता समितिहरू नगरपालिकामा दर्ता गरेर मात्र योजना सम्झौता गरी कार्य अगाडि बढाइने भएकोले सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

नगरपालिकामा दर्ता हुन चाहिने आवश्यक कागजातहरू ;

१. सम्बन्धित वडाको सिफारिस,

२. उपभोक्ता समिति गठन भएको आमभेला सहितको निर्णय,

३. समितिका सबैको नागरिकता, राष्ट्रिय परिचयपत्रको फोटोकपि,

४. उपभोक्ता समितिको विधान - (विधानमा उपभोक्ता समितिका सबै सदस्यहरुले दस्तखत गरेको हुनुपर्ने)

विधानको मस्यौदा सम्बन्धित वडा कार्यालय बाट उपलब्ध हुनेछ ।

.....
विनोद कुमार खनाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत